

खोरिया वस्तीमा बाढीसंग सम्बन्धित घटना अभ्यास कार्यक्रम



बाल क्लबको स्व मुल्याङ्कन



पोषण सुधारको लागि च्याऊ खेति प्रबर्धन



अपाङ्गता भएका व्यक्ति आफ्नो घर अगाडी ट्राइसाइकल मा घुमफिर गर्दै

तपाईंको गुनासो वा पृष्ठपोषणको हामी सहृदय जवाफ दिनेछौं साथै तपाईंको परिचय गोप्य राख्नेछौं ।


यू.एम.एन. केन्द्रीय कार्यालय
पोष्ट बक्स नं. १२६, काठमाडौं
१६६००१२८११८ (निःशुल्क फोन नं.)
९८४७३८७०३०, ९८६४४५११४१
feedback@umn.org.np
feedback.kv@umn.org.np
www.umn.org.np/feedback


## साझेदार संस्था

डी.एस.डी.सी.

## कार्यालय


यू.एम.एन. कपिलवस्तु क्लष्टर
कपिलवस्तु नगरपालिका, वडा नं. ३
भिक्षु चोक, तौलिहवा, कपिलवस्तु
फोन नं. ०७६ ५६०३४०
kapilvastu@umn.org.np
www.umn.org.np









# वार्षिक प्रगति

## यू.एम.एन. कपिलवस्तु

## २०८०/२०८१

रूपान्तरित नेपाली समाजमा सबैलाई प्रशस्तताको जीवन


# प्रमुख उपलब्धिहरु

यूनाइटेड मिसन टु नेपाल (यू.एम.एन.) कपिलवस्तु क्लष्टरले विगत ६ वर्षदेखि दलित सामाजिक विकास केन्द्र र सनसाइन सामाजिक विकास केन्द्रसँगको साझेदारीमा यशोधरा र मायादेवी गाउँपालिकामा उत्थानशील जीविकोपार्जन, शिक्षा, मानसिक स्वास्थ्य, अपाङ्गता समावेशिता, लैङ्गिता, विपद् जोखिम न्यूनीकरण, र जलवायु परिवर्तन अनुकूलनका क्षेत्रमा परियोजनाहरू सञ्चालन मार्फत सीमान्तकृत, सङ्कटासन्न, र गरीबीमा रहेका समुदायहरू, जस्तै महिला, बालबालिका, युवा, किसान, भूमिहीन, र अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरणमा काम गर्दै आएका छ । सोही क्रममा यस वर्ष निम्न बमोजिमको उपलब्धिहरू हासिल भएका छन् ।

- मानसिक स्वास्थ्य उपचारमा लाभान्वित — १९८
- अपाङ्गता पुनर्स्थापना सहयोग — २७
- महिला स्वास्थ्य स्वयमं सेविका परिचालन — १०४
- सिंचाई सुविधाबाट लाभान्वित घरधुरी — १८०
- महिला स्वास्थ्य स्वयं सेविकाहरु सँग नियमित समन्वय — ३७४
- राहत सामाग्री वितरण — ३५
- बाल साझेदार — २०००
- युवा सम्मेलनमा सहभागिता — १५
- महिलाहरु बिभिन्न समूहहरुमा आबद्ध — २९५२
- गैर कृषि व्यवसायमा सहयोग — १२०
- जलवायु अनुकूलन प्रविधि अपनाउने घरधुरी — १२७९
- कृषि व्यवसायमा सहयोग — ७८८
- कम्प्युटर प्रयोगशालाको स्थापना — ८
- वृक्षारोपण — ३०००

## परियाजनागत खर्च

कुल खर्च:४६,३७९,५५७




### कठिनाइलाई जित्दै गरेको एक परिवार

उर्मिला बनियाँ, ४१ वर्षकी आमा, यशोधरा गाउँपालिका, कपिलवस्तुमा श्रीमान र पाँच बच्चासँग बस्छिन् । उनका दुई बच्चा, आकाश ८ र आशिका ८, जन्मजात शारीरिक अपाङ्गता भएका छन् । परिवारसँग ०.१ हेक्टर जमीन छ, जसले घरखर्च धान्न पर्याप्त थिएन । उनका पति जयदेव भारतमा काम गर्थे, तर दुई वर्षअघि बिरामी परेर घर फर्किए ।

उपचारका लागि लिएको ऋणले उनीहरूको आर्थिक स्थिति झन् कमजोर भयो । साथै घरको कामको बोझले उनले अपाङ्गता भएका छोरा छोरीलाई राम्रो हेरचाह र व्यवहार गर्न सकेकी थिइनन् ।

उर्मिलाले दलित सामाजिक विकास केन्द्र र यू.एम.एन.को साझेदारीमा संचालित जीवन सुधार परियोजनाबाट आयआर्जनको लागि छनोट भएपश्चात् व्यवसाय साक्षरता तालिम र आर्थिक सहयोग प्राप्त गरिन् । सो पश्चात उनको परिवारले खाजा बेच्ने होटल व्यवसाय स्थापना गर्यो । यसबाट उनीहरूले दैनिक १०००–१५०० रुपैयाँ आम्दानी गर्छन्, जुन भारतको कमाइभन्दा बढी हो । त्यस्तै गरि उनीहरूले अपाङ्गता समावेशिताको तालिम पनि प्राप्त गरे । हाल उनका अपाङ्गता भएका बच्चाहरूले स्थानीय सरकारबाट भत्ता र व्हीलचेयर पनि प्राप्त गरेका छन् भने जयदेव बच्चाहरूको हेरचाहमा सक्रिय सहभागिता जनाउन थालेका छन् । त्यस्तै गरि उर्मिला र जयदेवले अपाङ्गतामैत्री भाषा र सम्मानजनक शब्दहरूको प्रयोग गर्न थालेका छन् ।

#नाम परिवर्तन गरिएको

